Intellectual Journal of Academic Research
Volume 02, Issue 01, 2025. pp.
Research Article
DoI: https://doi.org/.......................

Cover the Uncovered

# पिँजराको सुगा कवितामा ध्वनि

**ज्ञानबहादुर भुजेल**
उपप्राध्यापक, वी.पी. कोइराला संस्कृत विद्यापीठ सोलुखुम्बु

**लेखसार**

प्रस्तुत लेखमा कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित पिँजराको सुगा कवितालाई ध्वनि सिद्धान्तको आधारमा विश्लेषण गरिएको छ। ध्वनि पूर्वीय साहित्य सिद्धान्तको एक महत्त्वपूर्ण अङ्ग हो। नेपाली साहित्य समालोचनाको क्षेत्रमा ध्वनि सिद्धान्तलाई आधार मानेर धेरै अनुसन्धानहरू भएका छन्। ध्वनिलाई विश्लेषण गर्ने अनेक उपकरणहरु मध्ये यस लेखमा सामाजिक ध्वनि, साहित्यिक ध्वनि, आध्यात्मिक ध्वनि, राजनीतिक ध्वनि र व्यक्तिगत विवशताको ध्वनिलाई मुख्य आधार बनाइएको छ। पिँजराको सुगा नैतिक चेतनाले सभिएको एक उत्कृष्ट फुटकर कविता हो।। मानिसले आफ्नो मनोरञ्जन र स्वार्थपूर्तिका लागि वन जङ्गलमा स्वतन्त्र रुपले विचरण गर्ने चरोलाई पिँजरामा थुनेर राखेका हुन्छन्। अहिंसावादी लेखनाथले मानिसको यस्तो कठोर व्यवहारले बन्धनमा परेको सुगाको दुःखदायी जीवनको वर्णन गर्दै अहिंसावादी पाठ सिकाउने उद्देश्यले यो कविता रचना गरेका हुन्। यस कवितामा खुला आकाशमा स्वतन्त्र रुपले उड्ने चरो पिँजराभित्र थुनिँदा उसले भोग्नु परेको अनेक पीडा, कष्ट, तनाव र यातनालाई अभिधात्मक रुपमा चित्रण गरिएको छ भने व्यञ्जनात्मक रुपमा एकतन्त्री निरङ्कुश राणा शासनले सर्वसाधारण नेपाली जनतामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन र अमानवीय व्यवहारलाई कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ। यस कवितामा वाच्यार्थ नै मर्मस्पर्शी र प्रभावकारी छ भने यसका विभिन्न ध्वन्यार्थहरू पनि निकै गहन, मार्मिक र घत लाग्दा छन्। राणा शासन पिँजरा र सुगा नेपाली जनताका प्रतीक हुन्। पिँजराले राणा शासन र सुगाले निरीह नेपाली जनताको प्रतिनिधित्व गरेका छन्। यो व्यङ्ग्य प्रधान कविता हो। त्यसैले चराको आत्मकथनबाट राणा शासनप्रति तीव्र व्यङ्ग्य प्रहार गर्नु नै यस कविताको कन्द्रीय पक्ष हो।

*शब्दकुञ्जी* : अभिधा, अलङ्कार, कविता, दरबार, पिँजरा

**Article Info**

**Corresponding Author**
**Gyan Bahadur Bhujel**

***Email***
bhujelgyanu99@gmail.com

***Article History***
Received: 27 February 2025
Accepted: 28 May 2025
Published: ... August 2025

***Cite***
Bhujel, G. B. (2024). पिँजराको सुगा कवितामा ध्वनि, *Intellectual Journal of Academic Research* (*IJAR*), *3*(1), ......... https://doi.org/...............

## विषय परिचय

लेखनाथ पौड्याल (१९४१–२०२२)नेपाली भाषा र साहित्यका विशिष्ट स्रष्टा हुन्। उनले नेपाली साहित्यमा अतुलनीय योगदान दिएका छन्। नेपाली र संस्कृत दुबै भाषामा समस्या पूर्ति कविता रचेर उनले आफ्नो कविता यात्रा अघि बढाएका हुन्। लेखनाथका प्रथम प्रकाशित कविताहरू शृङ्गार पच्चिसी र मानसाकर्षिणी 'कविता कल्पद्रुम' (१९६२) नामक सामुहिक कविता सङ्ग्रहभित्र सङ्कलित छन्। वि.सं. १९६९ मा प्रकाशित लालित्य भाग १ कविता सङ्ग्रहमा सङ्कलित 'कवि कवितालाप' नामक फुटकर कविताबाट उनले शृङ्गारिकताका विपरित परिष्कारवादी शैलीशिल्प अवलम्बन गरेर कविता रचना गरे फलत : माध्यमिक काललँई बिदा गर्दै नेपाली कविता परम्परामा आधुनिक कालको सुरुवात गर्ने लेखनाथ परिष्कारवादी


Copyright (c) 2025: Author (s). Published by Myanglung Multiple Campus

काव्यधाराका कुशल साधक र केन्द्रीय प्रतिभा बन्न पुगे । उनका कवितामा नैतिकता, सामाजिकता र आध्यात्मिक चेतना पाइन्छ। लेखनाथको पिँजराको सुगा गोरखा शिक्षा १९७४ को तेस्रो भागमा समावेश गरिएको एक सफल चेतनामूलक कविता हो । बाल कविता भनेर लेखिएको भए तापनि नेपाली कविताको इतिहासमा यो चर्चित र लोकप्रिय कविताको रुपमा रहेको छ। सरल, सरस र सहज प्रस्तुति भएको यो कवितामा वाच्यार्थ बाल सुलभ छ भने सर्वसाधारणका लागि रमणीय बनेको छ। यस कवितामा स्वतन्त्र रुपले प्रकृतिमा विहार गर्ने चरो पिँजराभित्र थुनिँदा उसले भोगेको पीडालाई अभिधात्मक रुपमा देखाइएको छ भने व्यञ्जनात्मक रुपमा निरङ्कुश राणा शासनले नेपाली जनतामाथि गरेको शोषण, दमन, अन्याय, अत्याचार र अमानवीय व्यवहारलाई चित्रण गरिएको छ । यो व्यङ्ग्य प्रधान कविता भएकाले चराका माध्यमबाट राणा शासनप्रति व्यङ्ग्य प्रहार गर्नु यस कविताको मूल लक्ष्य हो। पिँजराभित्र बसेको सुगाको सबै हक, अधिकार, इच्छा आकांक्षा र स्वतन्त्रता खोसिएको हुन्छ भने ऊ मानिसको इसारामा अनेक डर र धम्की खाएर बस्न विवश बनेको छ । त्यसैगरी राणा शासनले सत्ताको आडमा सर्वसाधारण नेपाली जनतालाई धाक, धम्की, डर र त्रास देखाई आफ्नो इसारामा नचाउने दानवरुपी मानवमाथि यस कवतिामा तीव्र रुपले झटारो हानिएको छ। कवि स्वयम् सुगा बनेर मानवीय उत्पीडन, शोषण, दमन, अन्याय, अत्याचार र यातनाका विरुद्धमा तथा स्वतन्त्रका पक्षमा बुलन्द आवाज उठाएका छन्। लेखनाथले चराको माध्यमद्वारा आम नेपाली जनताको चित्कार व्यक्त गर्दै मानवीय स्वतन्त्रताको खोजी गरेका छन्। यस कवितामा वाच्यार्थमा सुगाले पिँजराभित्र थुनिँदा भोगेका जटिलतालाई व्यक्त गरिएको छ भने विशिष्टार्थमा पिँजरारुपी राणा व्यवस्थाले नेपाली जनतामाथि गरेको दमनलाई व्यङ्ग्य गरिएको छ। साहित्यमा ध्वनि व्यङ्ग्यका रुपमा चिनिने हुनाले पिँजराको सुगा कवितामा ध्वनि के कसरी प्रयोग गरिएको भन्ने विषयमा नै यो लेख केन्द्रित रहेको छ।

## समस्या कथन

पिँजरारुपी राणा शासनमा सुगारुपी नेपाली जनताले भोग्नु परेको अनेकौँ समस्यालाई यस कवितामा मुख्य विषय वस्तु बनाइएको छ। यहाँ वन जङ्गलमा स्वतन्त्र रुपले उड्ने चरो मानिसले आफ्नो मनोरञ्जन प्राप्तिका लागि पिँजराभित्र थुनेर राख्दा चरोले भोग्नु परेको अनेक पीडालाई अभिधात्मक रुपमा र निरङ्कुश राणा शासनले नेपाली जनतामाथि गरेको दानवीय व्यवहारलाई व्यञ्नात्मक रुपमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ। पिँजराको सुगा कवितामा ध्वनि शीर्षकको यस लेखमा खासगरी ध्वनिको पहिचान कसरी गर्न सकिन्छ भन्ने कुरालाई मुख्य समस्या बनाइएको छ। उक्त समस्यालाई निम्नलिखित प्रश्नावलीबाट थप स्पष्ट पारिएको छ।

क) पिँजराको सुगा कवितामा के कस्ता ध्वनि प्रयोग गरिएको छ ?

ख) पिँजराको सुगा कवितामा प्रयुक्त ध्वनिको पहिचान कसरी गर्न सकिन्छ ?

## अध्ययनको उद्देश्य

प्रस्तुत लेख कवि लेखनाथ पौड्यालद्वारा रचित पिँजराको सुगा कवितामा ध्वनिको पहिचान गर्ने विषयसँग केन्द्रित रहेको छ । कवितामा ध्वनिका अनेक आयाहरू भए तापनि यसमा सामाजिक ध्वनि, साहित्यिक ध्वनि, आध्यात्मिक ध्वनि, राजनीतिक ध्वनि र व्यक्तिगत विवशताको ध्वनिको मात्र चर्चा गरिएको छ । अत : पिँजराको सुगा कवितामा प्रयुक्त ध्वनिहरुको खोजी कसरी गर्न सकिन्छ भन्ने प्राज्ञिक जिज्ञासाको निरूपण गर्ने कार्यलाई नै यस अध्ययनको मुख्य उद्देश्य बनाइएको छ। उक्त उद्देश्यलाई निम्नलिखित बुँदाहरूबाट थप स्पष्ट पार्न सकिन्छ।

क) पिँजराको सुगा कवितामा प्रयुक्त ध्वनिहरूको पहिचान गर्ने ,

ख) पिँजराको सुगा कवितामा प्रयोग गरिएको ध्वनिको विश्लेषण गर्ने,

## अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्य गर्दा अध्ययन विधि अन्तर्गत सामग्री सङ्कलन विधि अनिवार्य रूपमा पर्दछ । यस लेखका निम्ति पुस्तकालयीय स्रोतबाट प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ। यस क्रममा

प्राथमिक स्रोत सामग्रीको रूपमा लेखनाथ पौड्यालद्वारा रचित पिँजराको सुगा कविता र द्वितीयक सामग्रीको रुपमा ध्वनि सिद्धान्त सम्बन्धि रचना तथा प्रकाशन भएका पुस्तकहरूलाई प्रयोग गरिएको छ। अध्ययनलाई सार्थक बनाउन विवेच्य कृतिको विश्लेषणका सन्दर्भमा ध्वनिको मान्यतामा आधारित भएर निगमनात्मक विधिको प्रयोग गरिएको छ।

कवि लेखनाथ पौड्यालद्वारा रचित पिँजराको सुगा कवितालाई साहित्य समालोचनामा प्रचलित विभिन्न सिद्धान्तहरुको प्रयोग गरी अध्ययन विश्लेषण गर्न सकिन्छ । प्रस्तुत अध्ययन ध्वनि साहित्य सिद्धान्तसँग सम्बन्धित छ। ध्वनि पद्धतिले अँगालेका कृति विश्लेषणका विभिन्न आयामहरू मध्ये सामाजिक ध्वनि, साहित्यिक ध्वनि, आध्यात्मिक ध्वनि, राजनीतिक ध्वनि र व्यक्तिगत विवशताको ध्वनिमा मात्र केन्द्रित भएर पिँजराको सुगा कविताको अध्ययन विश्लेषण गर्नु नै यस लेखको सीमा हो।

## सैद्धान्तिक पर्याधार

ध्वन् धातुमा 'इ' प्रत्ययको योगले निर्मित ध्वनि शब्दको शाब्दिक अर्थ सुनिने आवाज हो तर साहित्यमा यो प्रतीयमान वा व्यङ्ग्यका रुपमा चिनिन्छ (पौडेल, २०५६ : १४२)। ध्वनिको सामान्य अर्थ आवाज भए तापनि यो शब्द व्याकरण, साहित्य र विज्ञानका क्षेत्रमा विशिष्ट अर्थ दिने पारिभाषिक शब्दका रुपमा ग्रहण गरिन्छ। ध्वनि व्यापक शब्द भएकाले यसको अर्थ पनि व्यापक नै छ। त्यसैले पूर्वीय काव्य शास्त्रीहरुले ध्वनिका विभिन्न अर्थ लगाएका छन्। जसले केही ध्वनित गर्छ , त्यस्तो व्यञ्जक शब्द ध्वनि हो। जसद्वारा केही ध्वनित हुन्छ त्यो ध्वनि हो। जे ध्वनित हुन्छ त्यो ध्वनि हो। जुन काव्यमा वस्तु, रस र अलङ्कार ध्वनित हुन्छ त्यो ध्वनि हो (गड्तौला, २०७० : ६४)।

संस्कृत काव्यशास्त्रीय चिन्तन परम्परामा स्थापित ध्वनि एक सशक्त, समृद्ध र व्यापक काव्य सिद्धान्त हो। यसका प्रवर्तक नवौँ शताब्दीका आचार्य आनन्द वर्धन हुन् भने 'ध्वन्यालोक' उनको यस सिद्धान्तको लक्षणा ग्रन्थ हो । उनले ध्वनिलाई प्रतीयमान अर्थ, व्यङ्ग्यार्थ र काव्यको आत्मा भनेर चिनाएका छन् । ध्वनि सिद्धान्तलाई सुदृढ गर्ने अर्का आचार्य मम्मटले वाच्यार्थ भन्दा व्यङ्ग्यार्थमा अधिक चमत्कार हुँदा ध्वनि हुन्छ भनेर व्यङ्ग्यार्थलाई ध्वनिका रुपमा चिनाएका छन् (गडतौला, २०७०:६५) । ध्वनि भनेको वाच्यार्थ र लक्ष्यार्थ भन्दा भिन्न र विशिष्ट प्रकारको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो। यो काव्यमा सर्वोत्तम या आत्मा तत्त्वका रुपमा रहेको हुन्छ। यो शब्द र अर्थगत बाह्य सौन्दर्यभन्दा भिन्न भए पनि तिनै शब्द र अर्थबाट अभिव्यञ्जित लावण्यमय अर्थ हो। ध्वनि व्यङ्ग्य प्रधान रचना हो। भाव पक्षमा मात्र केन्द्रित रस सिद्धान्त र बाह्य सौन्दर्यमा मात्र केन्द्रित अलङ्कार सिद्धान्त तथा वस्तु पक्षगत सौन्दर्य वा रमणीयतालाई समेत समेटेर एकीकृत सिद्धान्तका रुपमा ध्वनि सिद्धान्त आएको हो । आनन्द वर्धनले ध्वनिलाई शास्त्रीय र परम्परागत आधार दिनका निम्ति ध्वनिको सम्बन्ध संस्कृत वैयाकरणहरुको स्फोटवादसँग गाँसेर साहित्यमा पनि ध्वनि प्राचीन आचार्यसँग सम्बन्धित भएको देखाएका छन्। व्याकरण सबै शास्त्रको मूल आधार भएकाले व्याकरणमा सुनिने वर्णलाई ध्वनिका नामले व्यवहार गरिने हुँदा वैयाकरणहरुको ध्वनि नै सादृश्यमा काव्य तत्त्व विद्हरुको वाच्य वाचक सम्बन्धयुक्त व्यङ्ग्यार्थलाई ध्वनि भनेर स्विकारेका छन् । स्फोटवाद अनुसार उच्चारण अवयवबाट उच्चारित वर्णहरू उच्चारण गर्नासाथ नाश हुने हुँदा त्यस्ता ध्वनिबाट श्रोताको मनमा रहेको नित्यस्फोट जागृत हुन्छ र त्यो नै ध्वनि हो (गडतौला, २०७० : ७३)। व्युत्पतिको आधारमा यसरी ध्वनिले व्यञ्जक शब्द, व्यञ्जक अर्थ, व्यङ्ग्य अर्थ, व्यञ्जना व्यापार र व्यङ्ग्य प्रधान काव्य भन्ने अर्थ बोध गराउँछ। यी सबैको मूल तत्त्व व्यङ्ग्य भएकाले समग्रमा ध्वनि भन्नु व्यङ्ग्य नै हो। ध्वनि सिद्धान्तको आधारभूत तत्त्व व्यञ्नावृत्ति भएकाले यसबाट प्रतीत हुने अर्थ व्यङ्ग्यार्थ हो। त्यो व्यङ्ग्य वाच्यार्थभन्दा विशिष्ट, रमणीय र चमत्कारी हुनु आवश्यक छ भन्ने कुरामा ध्वनिवादीहरूको एक मत रहेको पाइन्छ। ध्वनिवादीहरूको मतमा ध्वनि काव्यको आत्मा वा आन्तरिक सौन्दर्य हो । शब्दको अभिधा अर्थ र लक्षणा अर्थभन्दा भिन्न व्यञ्जना व्यापारबाट बुझिने व्यङ्ग्यार्थलाई ध्वनिवादले महत्त्व दिन्छ । यस आधारमा व्यञ्जना शक्तिद्वारा उत्पन्न हुने व्यङ्ग्य नै ध्वनि हो। ध्वनिका अनेक उपकरणहरु मध्ये यस

लेखमा सामाजिक ध्वनि, साहित्यिक ध्वनि, आध्यात्मिक ध्वनि, राजनीतिक ध्वनि र व्यक्तिगत विवशताको ध्वनिलाई मुख्य विषय वस्तु बनाइएको छ। यस कवितामा चराको आत्मकथनबाट शोषित पीडित नेपाली जनताको आवाज ध्वनित भएको छ। यिनै उपकरणहरुलाई आधार बनाएर पिँजराको सुगा कवितामा ध्वनिको खोजी गरिएको छ।

## सामाजिक ध्वनि

पिँजराको सुगा कवितामा सामाजिक ध्वनि सशक्त मात्रामा ध्वनित भएको छ । तत्कालीन सामाजिक परिवेशलाई व्यङ्ग्य गर्नु यसको मुख्य उद्देश्य हो। एउटै समाजमा बसेर एकले अर्कालाई शोषण गर्नु अमानवीय व्यवहार हो। सुगा व्यक्तिगत स्वतन्त्रता र पिँजरा सामाजकि प्रपञ्चका रुपमा यहाँ चित्रित भएका छन् । सत्ताको उन्मादले उम्लिएका राणाहरुले जनतालाई सामाजिक हक अधिकारबाट वञ्चित गराएका छन्। सामाजिक न्यायका लागि कवि स्वयम्ले चराका माध्यमद्वारा एकतामा गाँसिन सबै शोषित पीडित जनतालाई आह्‌वान् गरेका छन् । समाजमा परम्परागत रूढिवादी अन्धविश्वास, अनेक समस्या, विसङ्गति र विकृतिले जरा गाडेर बसेको छ। यस्ता गतिविधिले व्यक्तिको स्वतन्त्रता कुण्ठित बनेको छ । आफूले स्वीकार नगेका कुराहरू पनि त्यसबेला मान्नु पर्ने बाध्यता थियो। मानिसले व्यक्तिगत स्वतन्त्रतालाई एकातिर थन्काएर आफू जुन संस्कार, समाज र परिवेशमा बसेको छ त्यसैको पछिलाग्नु पर्ने कुराहरू पनि यस कवितामा सामाजिक ध्वनिका रुपमा ध्वनित भएको छ। कवि आफै राणाको दरबारमा शिक्षक र पण्डित भई काम गरेकाले पनि यो कुरा स्वत प्रमाणित भएको देखिन्छ। राणाहरू अरू वर्ग र जातिमाथि थिचोमिचो गरी ब्राह्मणलाई पनि होच्याउने प्रयत्न गर्थे। यही कुरालाई उजागार गर्न उनले कवितामा बबुरो द्विज भन्ने शब्द प्रयोग गरेका छन्। एक पटक फुलमा र अर्को पटक आमाबाट जन्मिने भएकाले चरालाई द्विज भनिन्छ। त्यसैगरी एकपल्ट शिशु भएर तथा अर्कोपल्ट संस्कार सिकेर दुईपल्ट जन्मिने हुनाले ब्राह्मणलाई पनि द्विज भनिन्छ। राणाको दरबारमा बसेर पण्डित तथा शिक्षक भई काम गर्दा उनको व्यक्तिगत स्वतन्त्रता सबै हनन् भएकाले राणाहरूलाई व्यङ्ग्य गर्दै सुगाको माध्यमबाट समाजमा मानवीय मूल्य र मान्यताको खोजी गर्ने प्रयास कविले गरेका हुन्। मानिस व्यक्ति मानवपछि सामाजिक प्राणीका रुपमा चिनिने हुँदा व्यक्ति मानव सुगाको स्वतन्त्रतालाई सामाजिक पिँजराको बन्धनले कुण्ठित बनाएको छ। त्यसैले यस कवितामा व्यक्ति स्वतन्त्रता सुगामाथि सामाजिक पिँजराले बन्देज लगाएको हुनाले सबै मानिस स्वतन्त्र हुन पाउनुपर्छ र आफ्नो मौलिक हक अधिकारको उपभोग गरी समाजमा बस्न पाउनुपर्छ भन्ने सामाजिक ध्वनि तीव्र रुपमा ध्वनित भएको पाइन्छ।

## साहित्यिक ध्वनि

यस कवितामा साहित्यिक ध्वनि सशक्त रुपले प्रयोग भएको छ। यहाँ पिँजरा राणाहरूको सरकार र सुगा सर्वसाधारण नेपाली जनताको प्रतीकको रुपमा उपस्थित भएका छन्। साहित्यकार तथा कलाकारले देशको सामाजिक, सांस्कृतिक र जातीय पहिचानलाई युगौँसम्म जीवन्त तुल्याइ रहन्छन् । उनीहरूका सिर्जनाले समाजमा भएका असल र खराब पक्षलाई औँल्याइ रहेका हुन्छन्। साहित्य समाजको ऐना भएकाले यसमा समाजमा भएका कामहरु छर्लङ्ग देखिन्छन्। साहित्यको माध्यमबाट साहित्यकारले समाज र राष्ट्रको सभ्यता समुन्नत बनाउन तथा भाषा र कलालाई समृद्ध पारी राष्ट्र, राष्ट्रियता र जातिको उत्थानमा महत्त्वपूर्ण योगदान पुऱ्याएका हुन्छन्। त्यसैले यस कवितामा शोषित पीडित नेपाली जनताको आवाजलाई चराको विलौना, शोक, रापताप, भोक र वेदनाद्वारा पुष्टि गराइएको छ। लेखनाथले तत्कालीन समयमा जनताले भोग्नु परेको समस्यालाई साहित्यको माध्यमबाट उजागर गराएका छन् । सोभै राणाहरुको विरोध गर्न नमिल्ने भएकाले सुगालाई मानव प्रतीक बनाई राणाहरूप्रति व्यङ्ग्य प्रहार गर्नु उनको साहित्यिक कला कौशल हो। साहित्यकै माध्यमबाट उनले पीडित जनताको आवाजलाई बुलन्द पारेका छन्। सरल तथा मिठो तरिकाले सुगाको विलौना व्यक्त गर्दै मानवीय अस्तित्वको खोजी गर्ने जुन प्रयास गरेका छन् त्यो वास्तवमा उनको विशेष साहित्यिक योगदान हो। कविले समाजमा देखेका, भोगेका र अनुभव गरेका सत्य कुरालाई साहित्यमा

प्रकट गर्दा तत्कालीन शासकले कविमाथि कडा सजाय दिन सक्छन् भन्ने कुरा पनि यस कवितामा ध्वनित भएको छ । तत्कालीन सामाजिक, राजनीतिक र व्यावहारिक गतिविधिलाई नियालेर त्यसको सत्यतालाई बोल्ने सुगा कवि हो तर त्यो कार्य उसले समाजको प्रचलित मान्यताको पिँजराभित्र बसेर गर्नु पर्ने हुन्छ । त्यसो गर्दा कहिलेकाहीँ उनले देखेको, भोगेको र सुनेको कुरा पनि लेख्न नपाउने र नदेखेको तथा नभएका कुराहरू लेख्नु पर्ने बाध्यता उत्पन्न हुन जान्छ । त्यसैले यस कवितामा कवि सुगाका रुपमा र राणा शासन व्यवस्था चाहिँ पिँजराको रुपमा ध्वनित भएका छन् । मेरो वरिपरि सबै वैरीहरू छन् । भागेर जाने ठाउँ कतै छैन । मनको पीर सुन्ने पनि कोही छैनन् । मैले पेटभरी खान पनि पाएको छैन । मेरो स्वतन्त्रता लुटिएको छ । मलाई रातमा निद्रा र दिनमा शान्ति छैन । डर, धम्की र त्रासमा बस्नु परेको छ । म एउटा बन्द कोठामा बेसाहारा भई आफ्ना सम्पूर्ण अधिकार गुमाएर बाँच्न विवश बनेको छु भन्दै चरीको विलौनाद्वारा शोषित पीडित नेपाली जनताको आवाजलाई साहित्यको माध्यमबाट व्यक्त गरिएको हुँदा यस कवितामा साहित्यिक ध्वनि मूल रुपमा अभिव्यक्त भएको पाइन्छ ।

### आध्यात्मिक ध्वनि

पिँजराको सुगा कवितामा सशक्त रुपमा आध्यात्मिक ध्वनि व्यञ्जित भएको छ । पूर्वीय दर्शनका अध्यात्मिक चिन्तन भएका कविले शारीरिक आकांक्षा र पीडाको पिँजरामा मुक्तकामी आत्मा झिनो आशा लिएर बसेको छ भन्ने कुरालाई यस कवितामा मार्मिक ढङ्गले व्यक्त गरेका छन् । पिँजरा बाहय सांसारिक जालझेल, लोभ, मोह र वासना हो भने सुगा चाहिँ मुक्तिको कामना हो । त्यसैले भौतिक शरीररुपी पिँजराबाट मोक्ष प्राप्त गरी स्वतन्त्र हुने दार्शनिक वा आध्यात्मिक चिन्तन यस कवितामा ध्वनित भएको पाइन्छ । आत्मारुपी सुगा माया, ममता, अहङ्कार, लोभ आदिले तथा सांसारिक प्रपञ्चरुपी पिँजराको बन्धनले गर्दा आफ्नो व्यक्तिगत स्वतन्त्रता र आनन्दबाट वञ्चित हुनु परेको छ । लोभ, अहङ्कार, वासना र मोह चेतन र अचेतन मनका अनगिन्ति राम्रा तथा नराम्रा अभिलाषा नै आध्यात्मिक स्वतन्त्रताका वैरीहरु भएकाले आत्माले त्यसबाट मुक्ति खोजी असल बाटोमा हिड्ने इच्छा व्यक्त भएकाले यस कवितामा आध्यात्मिक चिन्तन तीव्र रुपमा ध्वनित भएको छ । कवि स्वयम् आध्यात्मिकताका हिमायति भएकाले पनि यो कविता आध्यात्मिकाको परिधिमा केन्द्रित छ । खुला आकाशमा स्वतन्त्र भई आफ्नै संसारमा रमाउने सुगाको जीवन पिँजराको बन्धनमा पर्दा कष्टपूर्ण बनेको छ । त्यसैले आत्मा वा चेतन तत्त्व शास्वत र निर्विकार छ तर सांसारिक मायाजालको बन्धनमा परी त्यो ढाकिएकाले शरीरधारी जीव बन्धनमा परेको हुँदा मुक्तिको चाहाना राख्दाराख्दै पनि अनेकौँ अज्ञानतामा रुमल्लिएको हुन्छ भन्ने कुरा आध्यात्मिक चिन्तन हो । लेखनाथ यसै विचारबाट प्रभावित भएका हुनाले पनि उनका अधिकांश कवितामा आध्यात्मिक चिन्तनहरू सलबलाएका छन् । उनका अन्य कविताहरूमा पनि शरीरलाई पिँजरा र आत्मालाई चराका रुपमा प्रस्तुत गरिएको हुँदा शरीरको पिँजराभित्र तड्पिरहेको आत्मा सुगाको नै विलाप हो भन्ने आध्यात्मिक चिन्तन यस कवितामा ध्वनित भएको छ । यस पिँजराको सुगा कवितामा चराको विलौनाद्वारा सम्पूर्ण शोषित पीडित नेपाली जनताहरुको स्वतन्त्रतालाई आध्यात्मिक चिन्तनबाट नियाल्ने प्रयास गरिएको छ ।

### राजनीतिक ध्वनि

लेखनाथको पौड्यालको पिँजराको सुगा कवितामा सबैभन्दा बढी सशक्त रुपमा राजनीतिक ध्वनि मुखरित भएको पाइन्छ । उनले तत्कालीन राणा शासनप्रति यस कविता मार्फत तिखो व्यङ्ग्य प्रहार गरेका छन् । सोझासिधा सर्वसाधरण जनताहरू राणा शासनको कठोर पिँजरामा परेकाले उनीहरुका सम्पूर्ण हक अधिकार खोसिएको छ भने उनीहरूमा खुसी, शान्ति, र अमनचैन सबै नासिएर गएको छ । यहाँ पिँजराले राणा शासन र सुगाले नेपाली जनताको प्रतिनिधित्व गरेका छन् । त्यसैले पिँजरारूपी राणा शासनमा सुगारूपी जनताहरु बन्धनमा परेकाले यस कवितामा राजनीतिक ध्वनि तीव्र रुपमा प्रतिविम्वित भएको छ । जताततै त्रासमय र अशान्त वातावरणले नेपाली जनताहरुलाई विपनामा मात्र होइन सपनामा पनि तड्पाइ रहेको छ । वास्तवमा सुगाको छटपटी, पीडा, व्यथा

र विलौना नेपाली जनताका नै हुन् । सोझै भन्न नसकिने हुनाले चराका माध्यमबाट कविले सम्पूर्ण पीडित जनतको आवाज बोलेका छन्। वन जङ्गलमा स्वतन्त्र रुपले विचरण गर्ने सुगाको चाहाना पनि नेपाली जनताको स्वतन्त्रताको चाहाना हो । राणा शासन वास्तवमा नै नेपाली जनताका लागि घातक रोग थियो भन्दा फरक नपर्ला । राणाहरूको एकाधिकार शासनले नेपाली जनतालाई निरीह र पशुतुल्य बनाएको थियो। स्वतन्त्र रुपले हिड्न, लेखपढ गर्न , बोल्न र केही गर्न पनि पाइँदैनथ्यो । जनताका सबै मौलिक हक अधिकार खोसिएको थियो । हुकुमी शासनद्वारा नेपाली जनताहरु एकदमै पीडित थिए । जनताले शासकहरुको प्रतिकूल हुने कुनै कार्य गरेमा वा जनतामा चेतना जाग्ने कुनै गतिविधि गराएमा शासकहरुले विभिन्न दोष देखाई अनेकौँ यातना र ठुलो जेलनेलको सजाय दिन्थे भने कतिपय अवस्थामा मृत्यु दण्ड दिन पनि पछि पर्दैन थिए । यसले गर्दा सर्वसाधरण जनताहरू आतङ्कित, त्रसित र भयभित हुन्थे। आफ्नो सत्ताको आडमा राणाहरूले नेपाली जनतालाई उडुसले झैँ चुसि रहन्थे । राणा शासनको पीडा, यातना र तनावमा बसेका बेलामा व्यञ्जनात्मक रुपमा राणाहरुप्रति लेखनाथ पौड्यालले कविताका माध्यमबाट व्यङ्ग्य प्रहार गर्नु चानचुने कुरा होइन। यसरी पिँजरारुपी राणा शासनले सुगारुपी नेपाली जनतामाथि जे जस्तो अन्याय, अत्याचार, शोषण र दमन गरेको छ त्यसको विरुद्धमा प्रतिकात्मक रुपमा कविले बुलन्द आवाज उठाएको हुँदा यस कवितामा राजनीतिक ध्वनि सशक्त मात्रामा ध्वनित भएको छ।

### व्यक्तिगत विवशताको ध्वनि

यस कवतिामा व्यक्तिगत विवशताको ध्वनि पनि बुलन्द रुपले ध्वनित भएको पाइन्छ । उनको यो बाल कविता भए तापनि अभिधा र व्यञ्जनाको तरेलीले यो निकै उत्कृष्ट र प्रौढ कविता बन्न सफल भएको छ। राणा शासनमा कविले व्यक्तिगत रुपमा भोगेका समस्या र जटिलता पनि सुगाको माध्यमबाट अभिव्यक्त छन्। त्यसैले यहाँ सुगा कवि स्वयम् र पिँजरा राणा शासनको प्रतीकको रुपमा प्रयोग भएको छ। वनमा स्वतन्त्र विहार गर्ने सुगाले पिँजराभित्र थुनिँदा जति यातना सहनु पर्छ त्यति नै मात्रामा गाउँमा जन्मेर हुर्केका लेखनाथ राणा दरबारमा शिक्षक तथा पण्डित भई काम गर्दा उनले भोग्नु परेको यथार्थलाई चराको माध्यमबाट आफ्ना व्यक्तिगत विवशतालाई मार्मिक रुपले अभिव्यक्त गरेका छन् । राणा दरबारमा उनको व्यक्तिगत स्वतन्त्रता लुटिएको छ भने अधिकारहरु खोसिएका छन् । गाउँमा स्वस्छ तथा हराभरा वातावरणमा स्वतन्त्र र सहज रुपले जीवन विताएका कविले सहरिया वनावटी र असहज परिस्थितिसँग पौँठेजोरी खेल्दै जविन विताउन बाध्य हुनु परेकाले आफूलाई पिँजराको सुगा र आफूले बाध्यात्मक परिस्थितिसित विवश भएर जिउनु परेको राणाको दरबारलाई पिँजराको रुपमा चित्रण गरेका छन् । स्वतन्त्र रुपले बोल्न, लेख्न र हिड्न नपाइने उक्त राणा दरबारमा कवि निरीह भएर बस्नुको अर्को कुनै विकल्प थिएन । आफ्ना मन भित्र तैरिएका तमाम भावनाहरुलाई साहित्यको माध्यमबाट प्रस्फुटन गर्न उनले यो कविता रचना गरेका हुन्। मानिसको सबैभन्दा प्यारो कुरा स्वतन्त्रता हो तर त्यसलाई गुमाएर बस्न उनी बाध्य भए। कवितामा प्राकृतिक वातावरण भएको सुन्दर ग्रामीण परिवेशमा स्वतन्त्रतापूर्वक हुर्किएका कविले आफू राणा परिवेशमा पराधीन भएर बाँच्नु पर्दाको अवस्थालाई तथा व्यक्तिगत स्वतन्त्रतामाथि परेको कुण्ठालाई मार्मिक ढङ्ले चित्रण गरेका छन्। स्वस्छ पानी र फलफूल खाँदै आफन्तसँग हासखेल गर्दै रमाएर शीतल वन कुञ्जमा स्वतन्त्रतापूर्वक रमाउने कविलाई भाग्य वा परिस्थितिले राणाहरको बन्धनमा फसाएको छ । उनका सम्पूर्ण सुख लुटिएका र स्वतन्त्रता खोसिएका छन्। उनले सामाजिक, आर्थिक र संस्कारगत समस्याहरू झेल्नु परेको छ भने उनलाई शान्ति र अमनचैन रतिभर छैन। आफ्ना सबै बान्धवहरू रमाइलो ग्रामीण परिवेशमा छन् भने वृद्ध आमा बुबा पनि उतै छुटेका छन्। उनी मात्र सहरको उकुसमुकुस वातावरणमा बस्न बाध्य छन्। आफ्नो पीडा व्यथा सुनिदिने कोही छैनन् भने सुनाउने ठाउँ पनि कतै पाएका छैनन् । त्यसैले उनी आँसु बगाइ रोइ रहेका छन् र ग्रामीण परिवेशको वातावरणलाई सम्झि रहेका छन् । यसरी उनले आफ्नो जीवनमा भोग्नु परेको अनेक समस्या र पीडालाई मार्मिक ढङ्गले चित्रण गरेको हुनाले यस कवितामा व्यक्तिगत विवशताको ध्वनि सशक्त रुपले ध्वनित भएको छ।

## निष्कर्ष

कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित पिँजराको सुगा एक उत्कृष्ट चेतनामूलक फुटकर कविता हो । यस कवितामा पिँजरामा परेको सुगालाई म पात्र बनाएर उसले विलाप गरेको प्रस्तुति छ। ऊ शुक नाम गरेको द्विज चरो हो । पिँजरामा परेपछि बाहिरी संसारमा स्वतन्त्र रुपले घुम्न उसले पाएको छैन। वन कुञ्जमा शीतल पानी र फलफूल खाएर बस्ने चरोको दिनचर्या विनाश भएको छ। उसका वरिपरि सबै वैरीहरू मात्र छन्। आफ्नो मनको पीर व्यथा सुनिदिने कोही छैनन्। उसले पेटभरी खान पनि पाएको छैन । यस्तो निरीह प्राणीले अर्को जुनिमा चरो हुनु नपरोस् भन्दै मानिसको कठोरताप्रति दुःख व्यक्त गर्दै पिँजराबाट विलौना गरेको छ। यस कवितामा चराको विलौनाबाट राणा शासनमा नेपाली जनताले बेहोर्नु परेको अनेकौँ समस्यालाई मार्मिक ढङ्ले चित्रण गरिएको छ । यो अभिधात्मक र व्यञ्जनात्मक दृष्टिले समेत मार्मिक, चर्चित र प्रौढ कविता बनेको छ। यसमा अभिधार्थ नै सुन्दर र मर्मस्पर्शी छ भने व्यङ्ग्य वा ध्वन्यार्थमा विविध गहन अर्थहरु मुखरित छन् । यस कविताको पिँजरा बाध्यता हो भने सुगाचाहिँ बाध्य प्राणी हो । पिँजराको सुगा अभिधाको अर्थमा पनि सजीव र मान्छेका क्रूर अकृतज्ञ स्वभावदेखि दिक्किएर पिँजराको सुगाको विलाप लेखनाथले पोखेको प्रतीत हुन्छ (त्रिपाठी, २०३४ : ९४)। यस कविताका अभिव्यक्तिहरूलाई केलाउँदा पिँजराभित्र थुनिएको सुगाको अभिधात्मक अन्तर्वेदना, कवि स्वयम्का स्वतन्त्र ग्रामीण परिवेशका सुख सयल त्यागेर सहरिया बन्धन र विवशताभित्र बाँच्नु परेका प्रतीकात्मक अन्तर्वेदना, तत्कालीन निरङ्कुश राजनैतिक परिवेशभित्र जकडिएका आम नेपालीहरूको व्यञ्जनात्मक अन्तर्वेदना र भौतिक जीवन पद्धतिबाट पिल्सिएको अध्यात्मवादी सन्त पुरुषहरूको व्यङ्ग्यात्मक अन्तर्वेदना गरी चार प्रकारका भाव मुखरित छन् । भौतिक शरीररुपी पिँजराबाट मोक्ष प्राप्त गरी आत्मा वा परमात्मामा लीन हुन चाहाने उदात्त दार्शनिक चिन्तन पनि यस कवितामा व्यक्त भएको छ । यहाँ खास गरी पिँजरारुपी बन्धनमा रहेको सुगाको रुपाकृति र चर्तिकलाको वर्णनमा भन्दा पनि उसका दुःख पीडाको मार्मिक अभिव्यक्ति दिनमा नै यो कविता केन्द्रित देखिन्छ। वास्तवमा सुगाका पीडा, छटपटी र यातना नेपाली जनताका समस्या हुन्। सुगाका माध्यमबाट कविले नेपाली जनताले झेल्नु परेको पीडालाई मार्मिक तरिकाले प्रतीकात्मक रुपमा व्यक्त गरेका छन् । पिँजराले राणा शासनको र सुगाले नेपाली जनताको प्रतिनिधित्व गरेका छन्। त्यसैले पिँजरा र सुगा क्रमश राणा शासन र नेपाली जनताका प्रतीक बनेका छन्। स्वतन्त्र रुपमा वनमा उड्ने चरालाई पिँजरामा राखी आफ्नो इसारामा बोल्न लगाई मनोरञ्जन गर्ने मानिसहरूको कुप्रवृत्तिलाई यहाँ व्यङ्ग्य प्रहार गरिएको छ । क्रूर राणाहरुप्रति घृणा र निरीह जनतामाथि सहानुभूतिको भाव व्यक्त गरिएको यस कवितामा सुगाका माध्यमद्वारा सम्पूर्ण शोषित पीडित नेपाली जनताका हक अधिकारहरू सुनिश्चित हुनुपर्छ भन्ने अभिव्यक्ति पाइन्छ। यस लेखको मुख्य उद्देश्य नै पिँजराको सुगा कवितामा ध्वनिको प्रयोग के कसरी भएको छ भन्ने जिज्ञासामा नै केन्द्रित भएकाले यसैको सेरोफेरोमा रहेर कविताको विश्लेषण गरिएको छ।

## सन्दर्भ सूची


अधिकारी, अम्बिकाप्रसाद (२०५४), *नेपाली कविता र ध्वनि सिद्धान्त,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय।

अधिकारी, गंगाप्रसाद (२०५२), *शाकुन्तल महाकाव्यको प्रथम पद्यमा ध्वनि अध्ययन,* झापा, मेची बहुमुखी क्याम्पस।

उपाध्याय, केशवप्रसाद ( २०५५), *पूर्वीय साहित्य सिद्धान्त,* ललितपुर : साझा प्रकाशन।

गडतौला, नारायण (२०७०), *रस र ध्वनि सिद्धान्त,* काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा.लि.।

नेपाल, शैलेन्द्र प्रकाश (२०६८), *माधव घिमिरेका खण्डकाव्यको ध्वनितात्विक अध्ययन,* काठमाडौँ : युनिक एजुकेसनल पब्लिकेशन प्रा. लि.।

पौडेल, विष्णुप्रसाद (२०५७), *संस्कृत काव्यशास्त्र,* काठमाडौँ : भुँडी पुराण प्रकाशन।

भट्टराई, गोविन्दप्रसाद (२०३१), *पूर्वीय काव्य सिद्धान्त,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

रिसाल, राममणि (२०५०), *नेपाली काव्य र कवि,* (चौथो सं.), काठमाडौँ : साझा प्रकाशन।

लुइँटेल, खगेन्द्र र मोहनराज शर्मा (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार।

त्रिपाठी, वासुदेव र अन्य (२०४६), *नेपाली कविता भाग ४,* (प्रथम सं.), ललितपुर : साझा प्रकाशन।

त्रिपाठी, वासुदेव (२०३४), *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन,* कीर्तिपुर : त्रि. वि., पाठ्यक्रम विकास केन्द्र।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६४), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* (नवौँ सं.), कीर्तिपुर : साझा प्रकाशन।